# रोङ गाउँपालिका

# रोङ राजपत्र

खण्ड : २ | संख्याः १५ | प्रकाशित मितिः २०७५/११/०२

## भाग-२

# सहकारी संस्थालाई ऋणपूँजी लगानी कार्यविधि निर्देशिका, २०७५

रोङ गाउँपालिका
२०७३

# रोङ गाउँपालिका

## स्थानीय विकास कोषको सचिवालय

# सहकारी संस्थालाई ऋणपूँजी लगानी कार्यविधि निर्देशिका, २०७५

कार्यपालिकाबाट स्वीकृत मितिः २०७५/१०/२४

# रोङ गाउँपालिका
# स्थानीय विकास कोषको सचिवालय

रोङ गाउँपालिका स्थानीय विकास कोष नियमावली, २०७५ बमोजिम ऋणपूँजी लगानी नीतिलाई कार्यान्वयन गर्न **सहकारी संस्था ऋणपूँजी लगानी कार्यविधि निर्देशिका, २०७५** तयार गरिएको छ ।

## क) सहकारी संस्थालाई ऋणलगानी गर्दाका पूर्वशर्तहरु :-

१. स्थानीय विकास कोष मार्फत ऋण माग गर्ने उद्यमी/व्यवसायी सहकारी संस्थाको सदस्य भएको हुनुपर्नेछ।

२. ऋणका लिनका लागि व्यवसायिक योजना पेश गर्ने उद्यमीले सहकारी संस्थाको सदस्य भई आफ्नो बचत नियमित रुपमा जम्मा गरेको हुनुपर्नेछ ।

३. सम्बन्धित सहकारी संस्थाको सदस्य नेपाली नागरिक भई १६ वर्ष उमेर पूरा भएको हुनुपर्नेछ ।

४. सम्बन्धित सहकारी संस्थाले आन्तरिक श्रोत परिचालन गरी बचत तथा लगानी गरेको हुनुपर्दछ । उक्त लगाती असुली दर ९० प्रतिशत हनुपर्नेछ ।

५. सहकारी संस्थालाई बढीमा १२ (बाह्र) महिनाका लागि ऋण लगानी गरिनेछ ।विशेष अवस्थामा विशेष प्रकृतिको आयआर्जनका लागि ऋणको भुक्तानी अवधि १८ महिनासम्म कायम राख्न सकिनेछ ।

६. व्यवसायको प्रकृति हेरी ऋण रकमको साँवा ब्याज बढीमा ६ किस्तामा बुझाउनु पर्नेछ । ऋण रकम माग गर्दा ८० प्रतिशत सदस्य उपस्थित भएको बैठकबाट निर्णय भएको हुनुपर्नेछ ।

७. सहकारी संस्थाले सदस्यहरुको गरिबी वर्गीकरण गरेको हुनुपर्नेछ ।

८. सम्बन्धित संस्थाको अध्यक्ष सचिव भेलाबाट सहकारी संस्थाका उद्यमीहरुलाई प्रोत्साहन गरी योजना प्रस्ताव आएमा स्थानीय विकास कोषले निर्दिष्ट गरेको ऋण माग आवेदन फाराम अनुसूची-१ स्थानीय विकास कोषको सचिवालयमा पेश गर्नुपर्नेछ ।

## ख) लगानी गर्ने आधारहरु :-

१. सहकारी संस्थाले आफ्नो सदस्यहरुबीच स्थानीय विकास कोषले निर्धारण गरेको फाराम भरी **POVERTY PROFILE** तयार गर्नुपर्नेछ ।र सो लाई स्थानीय विकास कोषले स्वीकृत गरेपछि आवश्यकता अनुसार ऋण लगानीको आधार मानिनेछ । (गरिवीको आधार छुट्टयाइएको भए पनि हुने) ।

२. महिला, पिछडिएका, आदिवासी जनजाती र दलित सदस्यहरु भएको सहकारी संस्था र सम्बन्धित व्यवसायमा दक्षता भएको उद्यमीको परियोजनालाई प्राथमिकता दिईनेछ ।

३. व्यवसायीको ऋण मागपत्रको आधारमा सहकारी संस्थाले निर्णय गरी स्थानीय विकास कोषले तोकेको ढाँचा (फाराम) मा ऋणपूँजी माग प्रस्ताव तयार गरी सम्बन्धित सहकारी संस्थाले स्थानीय विकास कोषको सचिवालयमा पेश गर्नुपर्नेछ ।

४. स्थानीय विकास कोषले संचालन गर्ने प्रकृतिका कार्यक्रमहरु सरकारी तथा गैर सरकारी संघसंस्थाहरुले आवश्यक ठानेका क्षेत्रहरुको उद्यमीलाई पनि स्थानीय विकास कोषबाट ऋण नियम अनुसार उपलब्ध गराउन सकिनेछ ।

५. वडा र सामाजिक परिचालक बाहेक अन्य सरकारी तथा गैर सरकारी संस्थाहरुले ऋण लगानीका लागि सिफारिश गर्दा छुट्टै सिफारिश पत्र पेश गर्नुपर्नेछ ।

**ग) स्थानीय विकास कोषबाट सहकारी संस्थाहरुलाई दिईने ऋणको सीमा**

१. कोष सुदृढ भएपछि सहकारी संस्थाको चुक्ता शेयरको ५ (पाँच) गुणा वा अधिकतम रु. २०,००,०००।- (बीसलाख) एउटा सहकारी संस्थालाई ऋण लगानी गरिनेछ ।

२. एकपटक स्थानीय विकास कोषबाट ऋण पाईसकेका सहकारी संस्थाले ९० प्रतिशत ऋण असुली नगरेसम्म सोही सहकारी संस्थालाई पुनः ऋण उपलब्ध गराईने छैन ।

३. आंशिक भुक्तानीको आधारमा पुनः ऋण पाउने सहकारी संस्थाले त्यसअघि ऋण नपाएका सदस्यलाई लगानी गर्ने भएमा पुनः सोही सहकारी संस्थालाई ऋण उपलब्ध गराइनेछ । तर सहकारी संस्थाले भाकाभित्र ९० प्रतिशत ऋण चुक्ता गरेको हुनुपर्नेछ ।

४. व्यवसायिक योजनाको प्रकृति र उपक्षेत्र बजार विकास (**SUB SECTOR MARKET DEVELOPMENT**) लाई ध्यानमा राखी निम्नानुसार ऋण लगानी गरिनेछ ।

   क) कृषिजन्य उद्यमतर्फ- तरकारी खेती, अदुवा, अलैची, अम्लिसो, हातेचिया पत्ती, सुपारी, केरा, कफि, माहुरी, फलफुल आदी जस्ता उद्यमका लागि वढीमा रु.१,००,०००।— (एकलाख) सम्म ।

   ख) पशुपालन व्यवसाय तर्फ— बाख्रा, बंगुर, गाई, भैसी पालन आदि जस्ता उद्यमका लागि बढीमा रु.१,००,०००।— (एकलाख) सम्म ।

   ग) गैर कृषि उद्यम तर्फ बढीमा रु.१,००,०००।— (एकलाख) सम्म ।

   घ) आयआर्जन तथा रोजगारमा प्रत्यक्ष सहयोग पुऱ्याउने अन्य व्यवसायलाई बढीमा रु.१,००,०००।— (एकलाख) सम्म ।

**घ) ऋणपूँजीको निकासाः-**

१. ऋणपूँजीको प्रस्ताव स्थानीय विकास कोषले तोकेको समिति वा बैठकबाट स्वीकृत भएपछि स्वीकृत रकम सम्बन्धित सहकारी संस्थाको अध्यक्ष वा व्यवस्थापकलाई बुझाइनेछ ।

२. सहकारी संस्थाको अध्यक्ष वा व्यवस्थापक स्वयं स्थानीय विकास कोष सचिवालयमा आई स्वीकृत ऋण रकम बुझिलिनु पर्नेछ ।

३. ऋणपूँजी कोषबाट रकम निकासा गरेको मितिले सम्बन्धित सहकारी संस्थाले आफ्नो सदस्यहरुलाई लगानी गर्ने मिति एक हप्ता भन्दा बढी फरक गर्न पाईनेछैन ।

४. सम्बन्धित सहकारी संस्थाले आफ्नो संस्थाको आम्दानी खातामा आम्दानी गरी व्यवसायी लगानी खातामा ऋण लगेको साँवा, ब्याज र भुक्तानी मिति स्पष्ट रुपले उद्यमीको ऋण फाराम सहित व्यवस्थित रुपमा हिसाब राखिएको हुनुपर्नेछ ।

**ङ) ऋण असुलीः-**

१. स्थानीय विकास कोषबाट लगानी गरिएको रकमको साँवा, ब्याज, सेवा शुल्क र हर्जना सहकारी संस्थालाई तोकिएको भाकामा चुक्ता नगरेमा सम्बन्धित सहकारी संस्थालाई स्थानीय विकास कोषले प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरी ऋण असुल गराउनेछ ।

२. ऋणपूँजीको रकम सहकारी संस्थाले हिनामिना गरेमा स्थानीय विकास कोषले प्रचलित कानून बमोजिम कारवाही गरी असुलउपर गर्नेछ ।

३. ऋणको भाका नाघेमा भाका नाघेको महिना देखि १ प्रतिशत हर्जना लाग्नेछ । सो अवधिभित्र पनि ऋण रकम चुक्ता नभएमा असुल उपरको लागि कानूनी कारवाही अगाडी बढाइनेछ ।

४. भुक्तानी तालिकामा तोकिएको म्याद भन्दा १५ दिनभित्र भुक्तानी गरेमा हर्जना लिईने छैन ।

५. स्थानीय विकास कोषको ऋणपूँजी बैंक खातामा सहकारी संस्थाले सिधै जम्मा गरेको बैंक भौचर स्थानीय विकास कोषको सचिवालयमा पेश गर्नुपर्नेछ ।

६. कार्यक्रम लागू भई सहकारी संस्था आत्मानिर्भरको अवस्थामा पुगेपछि विधिवत रुपमा वडालाई कार्यक्रम हस्तान्तरण गरिनेछ । र सम्बन्धित वडाले सहकारी संस्थासँग समन्वय गरी कार्यक्रमलाई निरन्तरता दिनुपर्नेछ । यसरी हस्तान्तरण भएका वडामा स्थानीय विकास कोषबाट ऋणपूँजी प्रवाह गरिनेछैन । तर नयाँ कार्यक्रम लागू भएका वडामा सहकारी मार्फत माथि उल्लेख भएकै प्रकृया अनुरुप ऋण प्रवाह गर्दै लगिनेछ । विगतमा स्थानीय विकास कोषबाट ऋणपूँजी लगानी भएको र असुली हन बाँकी रहेको हकमा सम्बन्धित सहकारी संस्था तथा वडाले सो रकम स्थानीय विकास कोषमा दाखिला गराउन आवश्यक कारवाही गरी असुल गराउनु पर्नेछ ।

७. स्थानीय विकास कोष कार्यक्रम नयाँ वडामा बिस्तार भएमा नियमानुसार ऋणपूँजी लगानी गरिने छ ।

**च) विविधः-**

१. स्थानीय विकास कोषबाट लगानी गरिएको ऋणबाट गरिएको व्यवसायमा व्यवसायीको व्यक्तिगत लापरवाही बाहेक अन्य प्राकृतिक प्रकोप/महामारी/दुर्घटना परी किसानलाई घाटा पर्न गएमा सम्बन्धित वडाबाट सर्जमिन मुचूल्का गरी ब्याज मिनाहाको सिफारिश भई आएमा कोषको बैठकले आवश्यकता अनुसार ब्याज मिनाहा गर्न सक्नेछ ।

२. स्थानीय विकास कोषले ऋण लगानी गर्ने कार्यलाई समयसापेक्ष बनाउन समय समयमा यो निर्देशिकामा आवश्यक संशोधन गर्न सक्नेछ ।

३. यो निर्देशिका गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

आज्ञाले,<br>
डिक प्रसाद दाहाल<br>
रोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत